# नरेन्द्रदेवको क्रान्ति र लिच्छविको पुनरुत्थान

शङ्करमान राजवंशी

गुप्तको प्रवेश र लिच्छविको पतन–

भारतमा स्कन्दगुप्तको पालामा हूणको आक्रमण हुँदा गुप्तसाम्राज्य खलवलिएको थियो। तिनै गुप्तको एक शाखा नेपालमा पसेर वलम्बु थानकोट भेगतिर वसोवास गरेका थिए। लिच्छवि दरवारमा विस्तारै गुप्तले पनि प्रवेश पाए। गुप्तले आफ्नो चातुर्यद्वारा लिच्छवि राजालाई प्रभाव पार्दा वसन्तदेवको पालादेखि याज्ञिक विरोचन गुप्त राजाको दूतक बन्न पुगेका थिए। गणदेवका पालामा भौमगुप्तले शासनको सारा अधिकार आफ्नो हातमा लिई लिच्छविको प्रभुत्वमा अधिकार जमाउँदै लगेका थिए। शिवदेवको पालामा भौमगुप्तको प्रभुत्व जमिसकेको हुनाले लिच्छवि राजा त केवल नाममात्रका राजा भइसकेका थिए। यसरी लिच्छविको प्रभुत्वहीन भएको देखेर शिवदेवको मन खड्कन थाल्यो र शिवदेवले अंशुवर्माको सहायता लिई भौमगुप्तबाट शासन अधिकार खोसेर शिव देवले अंशुवर्मालाई साथ लिई केहीकाल शासन गरे। पछि आफ्नो छोरा उदयदेवलाई उत्तराधिकारी युवराज बनाई शासनको वागडोर अंशुवर्मालाई जिम्मा दिई आफूले सन्यासग्रहण गरे। अंशुवर्माको अवसान पछि उदयदेवले महाराजाधिराज भएर शासन चलाए। यो कुरो चितलाङको उनको अभिलेखबाट ज्ञात हुन्छ। उदयदेवलाई कमजोर देखेर गुप्तहरूले पुनः टाउको उठाउने मौका पाए। जिष्णुगुप्तले आफ्ना पक्षका मानिसहरूको संगठन गरी उदयदेवलाई खतम गर्ने षड्यन्त्र गरे। जिष्णुगुप्तको षड्यन्त्रमा उदयदेवलाई टिक्न मुस्कील पर्‍यो र आत्मरक्षाकोलागि यहाँबाट भागेर सपरिवार उदयदेव भोटमा सङ्चङगम्पोसंग शरण लिन गए। यो कुरा चीनको ताङवृत्तान्तबाट थाहा हुन्छ। मानदेवका पालामा व्यापारी संघका प्रमुख रत्नसंघ प्रभुसंघ गुहमित्रहरू थिए। त्यसैले यिनीहरू सार्थवाहु कहलिएका थिए। यिनीहरू नेपालबाट भारत गई व्यापार गर्थे। भारत जाने बाटो तिस्टुङ पनि थियो भन्ने कुरा अंशुवर्माको तिस्टुङको अभिलेखबाट थाहा हुन्छ। जस्तै–

> "यथास्माभिरेषां तेस्तुङ्गग्रामीणामलोहचामरमृगरोमकस्तूरिकाकृतताम्र भाण्डान्यनिर्हार्य्याण्यवास्य तदन्यद्रव्याण्यादायोपक्रयार्त्थमितोनिर्गच्छताम्प्रसाद्धयोपक्र (य) च्चान्तः प्रतिशतां शुल्कतापनादि यथा देयम्प्रतिमुक्तं"

[अनिर्हार्य (सरकारी स्वीकृतिबिना निकासी गर्न नपाइने) फलाम चमर ऊन कस्तूरी तामाका भाँडाकुडाहरूलाई छोडेर अरू वस्तुहरू लिई बिक्रीको लागि यताबाट गएका र बिक्री गरिसिद्धयाई फर्कका तेस्तुङ्ग (तिस्टुङ्ग) ग्रामका वासिन्दाहरूलाई साविक वमोजिम बुझाउनु पर्ने शुल्क तापन आदि दस्तूर हामीबाट माफी गरिदिइएको छ।]

(धनवज्रको लिच्छवि कालका अभिलेख ३११–१२ पृष्ट)

यसरी नेपालबाट भारत जाने बाटो मानदेवका पालादेखि खुला थियो भन्ने स्पष्ट छँदाछँदै उदयदेव भारतमा शरण लिन नगई भोटमा शरण लिन किन गए भन्ने कुरा विचार गरेमा त्यसको कारण बुझ्न सजिलै छ। जिष्णुगुप्तहरू भारतीय पक्षपाती हुनाले भारतमा यिनीहरूको संबन्ध छ भन्ने कुरा स्पष्ट छ । उदयदेव भागेर भारत गएको भए हर्रासिहदेव गयासुद्दीन तुललकको आक्रमणले भागेर नेपाल दोलखामा आउँदा दोलखा राजग्रामका भारदारले हर्रासिहदेवलाई आक्रमण गरी पाकपुक पारेजस्तै पाकपुक पारिन्थे। यो कुरा उदयदेवले बुझेका थिए। भोटमा त त्यसबखत स्रङ्चङगम्पोकी रानी भृकुटी (अंशुवर्माकी छोरी) विद्यमान थिइन्। आफ्ना बाबु अंशुवर्माले नेपाल दरवारको उत्तराधिकारी बनाइदिएको राजा उदयदेवलाई भृकुटीले सन्मानसाथ आफ्नो दरवारमा नराख्ने कुरै छैन ।

गुप्तको रजाइँ–

उदयदेव भोटमा भागेर गएपछि विष्णुगुप्तले उदयदेवको ठाउँमा लिच्छवि ध्रुवदेवलाई राखी नेपालको शासन गरे। जिष्णुगुप्तले स्थापना गरेको हुनाले ध्रुवदेव भट्टारक महाराज मात्र बनाइए, महाराजाधिराज वनाइएन। आफ्ना बाबु भौमगुप्तले अंशुवर्मा भन्दा अघिदेखि लिइएको शासन अधिकारमा जिष्णुगुप्तले 'पुण्यान्वयोदागत राज्यसम्पत्' शुद्ध कुलक्रमले राज्य गर्ने अधिकार पाएका भनी आफ्नो हक दावी गरेको कुरा अंशुवर्मसंवत् ४८ (शक ५२२ वि. सं. ६५७) को ललितपुर छिन्नमस्ताको अभिलेखमा व्यक्त गरेका छन्। सोही अभिलेखमा 'समस्त पौराचित शासनो' सारा शहरियाहरूले हुकूम तामेल गरिएका भनी उल्लेख भएबाट जिष्णुगुप्तले शहरियाहरूलाई हात लिएका थिए भन्ने स्पष्ट छ। ध्रुवदेव त केवल देखौवा राजा मात्र थिए, सर्वेसर्वा राजा जिष्णुगुप्त नै थिए भन्ने कुरा आदेश्वरको उनको अभिलेखबाट ज्ञात हुन्छ। जस्तै–

"लिच्छविकुलालङ्कारभूतो भट्टारक महाराज श्री ध्रुवदेवस्तत्पुरःसरः कैलासकूटभवनादसुलभनृपति गुणावभासितसकलमहीमण्डलो भगवत्पशुपतिभट्टारक पादानुगृहीतो बप्पपानुध्यातः श्रीजिष्णुगुप्तःकुशली"

(लिच्छवि कुलका गहना भएका भट्टारक (गद्दीनशीन) महाराज श्री ध्रुवदेव र उहाँका अघिसरा भई काम गर्ने राजामा हुनुपर्ने दुर्लभ गुणहरूले पृथ्वीलाई सिंगारेका भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएका बप्प (बुवा)को पाउको अनुग्रह पाएका गाथमा रहेका आराम श्रीजिष्णु गुप्तले कैलासकूट भवनबाट]

(लिच्छविकालका अभिलेख ४११-१२ पृष्ठ)

यी जिष्णुगुप्तले आफूपछिको उत्तराधिकारी आफ्ना छोरा विष्णुगुप्तलाई युवराज घोषणा गरी दूतक बनाएका थिए । यी जिष्णुगुप्तको नीतिमा केवलपुरवासी केही जनताहरूले विरोध गरेका थिए। तर ती विरोधीहरूलाई जिष्णुगुप्तले दमन गरी आफ्ना पक्षमा आउने जनतालाई सन्तुष्ट पार्न विष्टी माफ गरी लिग्वल शोल्ल अधिकरण पस्न नपाउने व्यवस्था गरिदिए। सो कुरा केवलपुरको अभिलेखबाट ज्ञात हुन्छ। जस्तै–

"प्रभाव (शौर्य) प्रणतारिमण्डलः गुणैरुपेतोनुपमैरिहात्मवान् ··· ··· ··· ··· ··· ··· ··· सोयमित्थंम्भूतः कैलासकूटभवनाद् भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातःश्रीजिष्णुगुप्तः कुशली नुपुन्नद्रङ्ग निवासिनःप्रधानपुरस्सरान्कुटुम्बिनः कुशलाग्रेसरं समाज्ञापयति ··· — ··· ··· ··· भवत्साहाय्यादिकर्मपरितुष्टै ··· ··· पूर्वराजशासनेषु ये प्रसादास्तेषां सर्वेषामेव (युष्म) दत्तिसृष्टानामनुमतिशासनमिदमस्माभिरपि प्रसादी (कृतं)"

[प्रभाव (कोश र दण्डद्वारा भएको शक्ति) र शुन्याइने शत्रुहरूलाई नुहाएका वेजोड गुणहरू भएका आत्मवत्ता (आफ्नो हित चिन्ने हुनु) भएका ··· ··· ··· यस किसिमका भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका बप्प[बुवा]को पाउको अनुग्रह पाएका गाथमा आराम रहेका श्री जिष्णुगुप्तले कैलासकूटभवन (दरबार) बाट नुपुन्नद्रङ्गमा वस्ने मुखिया लगायत गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा गर्नु भएको छ। — — ····· तिमीहरूको सहायता आदि कामले खुशी भएर ·· — ···— अघिका राजाले गरिदिएका सनदहरूमा जुन जुन निगाह तिमीहरूलाई गरिदिएका थिए। ती सबै थामी यो सनद–

पत्र हामीबाट पनि निगाह गरी दिएको छ ।]

(लिच्छविकालका अभिलेख ४१४-१५ पृष्ट)

पाटन भेगका जनताले पनि जिष्णुगुप्तको नीतिमा असन्तुष्ट प्रकट गर्दा चन्द्रवर्मालाई अंशुवर्माको पक्षपाती बनाई थम्वु (थैव) को कुलो बनाउन नियुक्त गरी जिष्णुगुप्तले त्यहाँका जनतालाई पनि थामपुर पारेका थिए। यो कुरा पाटन छिन्न मस्ताको उनको अभिलेखबाट ज्ञात हुन्छ । भक्तपुर भेगका याम्रिङ गाउँका जनताले जिष्णुगुप्तको कडा विरोध गर्दा जिष्णुगुप्तले विरोधीहरूलाई सखाप पारे । त्यो कुरा अंशुवर्माकी भाइबुहारीले राखेको भ. पु.इ. नीलवाराहीको अभिलेखबाट ज्ञात हुन्छ । त्यसकारण यी गुप्तले भक्तपुर भेगका जनतालाई कुनै व्यवस्था गरिदिएनन् । जिष्णुगुप्तले जे जति विशेष व्यवस्था गरे आफ्ना पक्षका वलम्बु भेगकै जनतालाई गरिदिए । यसरी पुरापूर शक्तिशाली भएर जिष्णुगुप्तले आफ्नो नाउँमा टक समेत चलाए। ध्रुवदेवको मृत्युपछि जिष्णुगुप्तले भीमार्जुनदेवलाई गद्दीमा राखे । जीष्णुगुप्तको मृत्युपछि उनका छोरा विष्णुगुप्त राज्यको सर्वेसर्वा भए । यी विष्णुगुप्तले राजाको उत्तराधिकारी आफ्ना छोरा श्रीधरगुप्तलाई युवराज घोषणा गरी दूतक बनाए । यी गुप्तले उदयदेवलाई धपाई करीव १९ वर्ष जति राज्य गरे ।

नरेन्द्रदेवको क्रान्ति-

लिच्छवि राजा उदयदेवले नेपालबाट भागेर भोटमै जीवन व्यतीत गरे। उनका छोरा नरेन्द्रदेव समर्थवान् भए पछि भोटका राजा स्राङचङगम्पोसंग सैनिक सहायता लिएर नरेन्द्रदेवले नेपालमा गुप्तको विरुद्ध सजधजसंग क्रान्ति छेडे । त्यस क्रान्तिमा पाटनभेगका जनताले नरेन्द्रदेवको साथ दिएका थिए । त्यस वखत लिच्छवि र गुप्तको घोरघमासान परेको थियो भन्ने कुरा ललितपुर भन्सार चोकमा रहेको अंशुवर्म संवत् ६७ (शक ५४१ वि. सं. ६७६) को नरेन्द्रदेवको अभिलेखमा नरेन्द्रदेवलाई लगाइएको विशेषणबाट ज्ञात हुन्छ । जस्तै-

''कैलासकूटभवनाद्भुवनप्रकाशाज्ज्योत्स्नावमृष्ट हिमवच्छि (खराग्र) दीप्तेः।
आसागरप्रसृतशुभ्रयशोध्वजानां राज्ञजाङ कुलाम्वर शशीभु (विलि) च्छवीनाम् ।।

वल्गद्वीरपदातिकुन्तविशिख प्रोताश्वनागाकुले
शक्त्या (न्यस्पृहणी)यया रणमुखे संज्ञावशेषान् द्विषः

कृत्वा लोकहितोध्यमप्रभ (वया) कीर्त्या दिशो भाषयन्
नन्योन्याविहतान् प्रजासु विदधद्धर्मार्थकामान्मुदा

भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो भट्टारक महाराजाधिराज श्री नरेन्द्रदेवः कुशली''

[जूनले टल्केको हिमालयको टाकुरो झैं झलझल गर्ने संसारमा प्रसिद्ध कैलासकूट भवनबाट समुद्रसम्म सफा कीर्तिरूपी ध्वजा (झण्डा) फर्फराएका लिच्छवि राजाहरूको कुलमा जन्मेका जोशिएर अघि बढेका वीर पैदल सिपाहीहरूका भाला र वाणहरूले घाइते भएका हुँदा हात्ती घोडाहरू तर्सिएर छचान्नब्यान्न भएको लडाइँको अरूको लागि लोभ लाग्दो पराक्रमद्वारा शत्रुहरूलाई सखाप पारीकन दुनियाँको भलो गर्नु तिर लागेका त्यताबाट भएको कीर्तिदिशाको छेउछेउसम्म फैलिएका दुनियाँमा धर्म अर्थ काम सम्बन्धी कुरालाई परस्परमा वाधा नपुर्‍याउने पारीकन आनन्दसंग चलाउने भएका भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका, बप्प (बुवा) बाट अनुग्रह पाएका गाथमा आराम रहेका भट्टारक(गद्दीनशीन)महाराजाधिराज श्री नरेन्द्रदेव बाट]

(लिच्छविकालका अभिलेख ४५८-५९ पृष्ठ)

पाटन भेगका जनताले जिष्णुगुप्तको नीतिमा असन्तुष्ट हुनाले नै नरेन्द्रदेवको क्रान्तिमा भाग लिएथे । यसरी नरेन्द्रदेवलाई साथ दिएवापत खुशीभएर नरेन्द्रदेवले त्यहाँका जनतालाई भट्ट र माप्चोक अधिकरण लागू भइरहेको मर्का झिकी निगाह गरिदिए । त्यो कुरा सोही ललितपुर भन्सारचोकमा रहेको नरेन्द्रदेवको अभिलेखमा उल्लेख गरिएको छ । जस्तै-

''कस्मिंश्चिद्वस्तुन्युपकृतमवेत्य तत्प्रत्युपकारोत्कण्ठित-

मतिभिरस्माभिर्यूपग्रामद्रङ्गस्य सर्वतलसहितस्य भट्टमा-पृचोकाधिकारयोः प्रा (व) त्यादवश्यं जनस्य महती पीडेत्यनयोरेवाधिकारयोरप्रवेशेन प्रसादः कृतः"

[कुनै कुरामा उपकार गरेको थाहापाई त्यसको बदलामा उपकार गर्न चाहेर हामीबाट सबै तल सहितको यूपग्राम द्रङ्गमा भट्ट र माप्चोकको अधिकार लागू गरी राख्दा जनतालाई अवश्य पनि ठूलो मर्का परिरहेको छ भनीकन यी दुइ अधिकार झिकिदिएर निगाह गरिएको छ।]

[लिच्छविकालका अभिलेख ४५८-५९ पृष्ट]

यसबाट जिष्णुगुप्तको नीति जनतालाई मन परेको थिएन भन्ने स्पष्ट छ। गुप्तको नीतिमा जनता असन्तुष्ट हुनाले नै नरेन्द्रदेवको क्रान्ति सफल हुन सजिलो भयो। यसरी नरेन्द्रदेवले गुप्तसंग क्रान्ति गरी आफ्नो पैतृक शासन खोसेर पूर्ववत् महाराजाधिराज बनी लिच्छविको पुनः उत्थान गरे।

नरेन्द्रदेवको क्रान्तिको पूर्ववातावरण—

अंशुवर्मसंवत् ६५ तिरको विष्णुगुप्तको चाँगुनारायण मन्दिरमा रहेको अभिलेखमा विष्णुगुप्तले चाँगुमा रहेको पहिले भोगवर्माले बनाइदिएको धाराको जीर्णोद्धार गरिदिएको कुरा छ। त्यस अभिलेखमा विष्णुको स्तुति गरिएको छ। जुन स्तुतिमा विष्णुगुप्तको मनोभाव व्यक्त हुन्छ। सो स्तुति निम्न प्रकारको छ। जस्तै—

निर्भेदं यद्विकारैःसमनुगतमिवोपाधिभेदोपचारा
दज्ञान भ्रान्तिभाजा मविषयमवहिःसाधनाधीनतृप्ति।

भक्तिश्रद्धाप्रसादस्थिरकरणमनोभावनाभ्यासगम्य-
म्पायात्तद्भूतभर्तुः सकलगुणगणातीततत्वम्पदं वः॥

[उपाधिभेदले गर्दा विकार लिएको जस्तो छ तापनि जो निर्विकार छ अज्ञान भ्रान्ति भएकाहरूको लागि जो विषयनै छैन, जसलाई वाहिरी साधनाले तृप्त पार्न सकिदैन सारा गुण भन्दा बाहिरको तत्त्वरूपको जो छ भक्ति श्रद्धा र सफापनले स्थिर भएको इन्द्रिय र मनोभावनाको अभ्यासले मात्र जान्न सकिने जो छ त्यस्तो विष्णुपदले तिमीहरूको रक्षा गरोस्।

यस विष्णुको स्तुतिले नरेन्द्रदेवको क्रान्तिको वातावरणलाई इङ्गित गर्दछ। त्यस वखत नरेन्द्रदेवको क्रान्तिको वातावरण सिर्जना भइसकेको थियो। त्यसैले उपाधिभेदले गर्दा विकार लिएको जस्तो छ तापनि जो निर्बिकार छ भनेर भाव व्यक्त गरिएको छ। कतिपय मानिस अज्ञान र भ्रान्ति वश लहैलहैमा लागे तिनीहरूलाई वाहिरी साधनाले तृप्त पार्न सक्दैन भनी तिनीहरूलाई आफ्नो पक्षपाती बनाउने भाव व्यक्त गरेको छ। नरेन्द्रदेवको क्रान्तिको जुन वातावरण हो त्यो बाहिरी तत्त्व भनेर भाव व्यक्त गरेको छ। जनता आफ्नो पक्षपाती बनोस् भन्ने भावनाले तिनीहरूलाई विष्णुले रक्षा गरून् भनी स्तुति गरेको छ। अंशुवर्मसंवत् ६५ (वि. सं. ६७४) पछि त नरेन्द्रदेवले क्रान्ति पनि छेडिहाले।

नरेन्द्रदेवको समयमा अन्तर्राष्ट्रिय सम्बन्ध—

यी नरेन्द्रदेवको शासनकालको अभिलेख अंशुवर्मसंवत् १०३ (शक ५७८ वि. सं. ७१३) सम्मको पाइएको छ। यी नरेन्द्रदेवको शासनकालमा इ. सं. ६४३ (वि. सं. ७००) मा चीनिया राजदूत ली–यू–पाउ र चीनिया यात्री भिक्षु वाङयुन्चे नेपालको बाटो भई भारत गएका थिए। केही वर्षपछि चीनिया राजदूत यु–आन–चे इ. सं ६४८ (वि. स. ७०५) मा नेपालको बाटो भई भारतका राजा हर्षवर्धनको दरवारमा गएका थिए। तर यसको अघिल्लो साल मै हर्षवर्धनको मृत्यु भइसकेको हुनाले त्यहाँका प्रान्तपालहरू स्वतन्त्र भइरहेका थिए। यु-आन चे तिरहुत पुग्दा त्यहाँका प्रान्तपाल अर्जुन (अरूणाश्व) ले चीनिया दूत उपर हमला गरे। यु-आन-चे त्यहाँ बाट भागेर नेपाल आए। अनि चीनको अनुरोधबाट तिब्बती फौजको साथमा नरेन्द्रदेवले ७०० घोडचढी फौज पठाई अरुणाश्वलाई हराई पक्रेर चीन पठाए। त्यस बेला नेपालको दूतमण्डल पनि साथै गए। यसरी नरेन्द्रदेवले चीनलाई सहायता गरी चीनसंग नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरे। यसरी नरेन्द्रदेवले लिच्छविको प्रभुत्व अन्तर्राष्ट्रमा समेत प्रख्यात गरिदिए। अनि लिच्छविको पुनः अभ्युदय हुँदै गयो र नेपाल तिव्वत व्यापार सम्बन्ध पनि गाँसियो। त्यसैले नरेन्द्रदेवका छोरा द्वितीय शिवदेवको पालादेखि भोट्टविष्टिको प्रचलन भयो। यो कुरा काठमाडौं लगनको द्वितीय शिवदेवको अभिलेखबाट ज्ञात हुन्छ।